बैठक संख्या : ३३ स्थान : राप्ती नगरपालिका-७, विरेन्द्रनगर
मिती : २०७५।०५।१७ गते समय : विहान ८ : ०० बजे
यस राप्ती नगरपालिका, नगर कार्यपालिकाको प्रमुख श्री प्रभा वराल (पौडेल) को अध्यक्षतामा नगर कार्यपालिकाको बैठक देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसि निम्न प्रस्तावहरुमा छलफल गरियो।

**उपस्थिति**

नगरप्रमुख श्री प्रभा वराल(पौडेल)

नगर उपप्रमुख श्री इमान सिंह लामा

वडाध्यक्ष वडा नं १ श्री सिद्धिलाल स्याङतान

वडाध्यक्ष वडा नं २ श्री श्याम सुन्दर उप्रेती

वडाध्यक्ष वडा नं ३ श्री राज कुमार उप्रेती

वडाध्यक्ष वडा नं ४ श्री शमसेर लामा

वडाध्यक्ष वडा नं ५ श्री मेनुका पाठक

वडाध्यक्ष वडा नं ६ श्री जल्लु महतो थारु

वडाध्यक्ष वडा नं ७ श्री सुमिता डल्लाकोटी

वडाध्यक्ष वडा नं ८ श्री वुद्धिराज थपलीया

वडाध्यक्ष वडा नं ९ श्री देवेन्द्र लामा

वडाध्यक्ष वडा नं १० श्री अमर बहादुर तामाङ

वडाध्यक्ष वडा नं. ११ श्री हित बहादुर तामांङ

वडाध्यक्ष वडा नं. १२ श्री अर्जुन प्रजा

वडाध्यक्ष वडा नं. १३ श्री सूर्य बहादुर चेपाङ

सदस्य श्री पुष्पा के.सी. कुवर

सदस्य श्री दिल कुमारी लामा

सदस्य श्री कविता राई

सदस्य श्री रमिता परियार

सदस्य श्री श्यामलाल वि.क.

सदस्य श्री आइती देवी दराई

सदस्य श्री अम्विका लामा

सदस्य श्री पहलमान प्रजा

सदस्य सचिव : प्रमुख प्रशासकीय अधिकृत श्री मिठाराम हुमागाई

आमन्त्रित : जिल्ला समन्वय समिति सदस्य श्री गुनु वि.क.

लेखा अधिकृत : श्री मुक्ति प्रसाद चापागाई

कम्प्यूटर अपरेटर : श्री रमेश चौधरी

## नगर कार्यपालिकाको बैठकमा पेश गरिने प्रस्तावहरु

१. समिक्षा बैठकमा भएको छलफल सम्बन्धमा ।
२. भवन निर्माण गर्न सहमति माग गर्ने सम्बन्धमा ।
३. ३९ औ शिक्षा दिवस मनाउने सम्बन्धमा ।
४. तिज पर्व मनाउन सहयोग गर्ने सम्बन्धमा ।
५. खेलकुद प्रतियोगिताको लागि सहयोग गर्ने सम्बन्धमा ।
६. ठकुरी भन्ज्याङबाट कान्धा मोटर बाटो निर्माण सम्बन्धमा ।
७. राहत स्वरुप आर्थिक सहयोग गर्ने ।
८. वडा नं. ५ को वडा कार्यालय भवन निर्माण कार्यको भेरियसन सम्बन्धमा ।

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा राप्ती नगरपालिकाबाट आ.व. ०७४/७५ मा संचालित योजना तथा कार्यक्रमहरुको कार्य प्रगति बारे सवै शाखाहरुबाट प्रस्तुत गरी जानकारी लिई समिक्षात्मक टिप्पणी गरियो । भुकम्प प्रभावित लाभग्राहीहरुको विवरण पठाउने लगायतका कार्य बाहेक अन्य कार्य प्रगति सन्तोष जनक रहेको पाइयो । नगरपालिका र वडा कार्यालयहरुबाट अझै प्रभावकारी रुपमा योजना तथा कार्यक्रमहरुमा सञ्चालन तथा कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा राप्ती नगरपालिकाको प्रशासकीय भवन निर्माण गर्न हाल मत्स्य विकास केन्द्र भण्डाराले प्रयोगमा ल्याएको पूर्वमा चेपाङ मार्ग, पश्चिम मत्स्य विकास केन्द्रको जग्गा उत्तरमा कञ्चन बस्ती जाने बाटो र दक्षिणमा मत्स्य विकास केन्द्रको जग्गा सीमाना रहेको सोही केन्द्रको साविक भण्डारा-१ कि.नं. २५२, २५४ र २५६ को जग्गा यस नगरपालिकाको नाममा उपलब्ध गराई दिन तहाँ लगायत अन्य निकायमा अनुरोध गरी पठाइएकोमा सो को प्रक्रिया केही लामो हुने भन्ने बुझिएको छ । यस नगरपालिकाले सोही स्थानमा भवन निर्माण गर्नको लागि माटो परिक्षण गरी भवनको ड्रविङ डिजाइन र इष्टिमेट समेत तयार गरी सकेको छ । तत्काल भवन बनाउन शुरु गर्न आवश्यक देखिएको हुँदा उक्त कित्ता नं. २५२, २५४ र २५६ भित्रको जग्गामा भवन निर्माणको लागि सहमती पठाई दिन प्रदेश सरकार प्रदेश नं. ३ भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा ३९ औ शिक्षा दिवस राप्ती नगरपालिका भव्य रुपले मनाउन राप्ती नगर शिक्षा समितिबाट भएको निर्णय बारे जानकारी लिइयो । सो कार्यक्रम सक्रिय रुपले सहयोग र सहभागिता जनाउने उक्त कार्यक्रमको खर्च शिक्षा तर्फ विनियोजित बजेटको कार्यक्रममा समेत गरी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा हिन्दु नारीहरुको अत्यन्त महत्वपूर्ण चाड हरितालिका तीज पर्वलाई विभिन्न स्थानमा हर्षोल्लासका साथ मनाउन स्थानीय संघसंस्था समूह समेतको प्रयासमा देहायको समुहहरुलाई देहाय बमोजिम सहयोग रकम संस्कृति प्रवर्द्धन शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

१. अकलादेवी परिवर्तनशील महिला समुह राप्ती-२ - रु ३००००।-
२. ग्रेड एफ.एम. राप्ती -५ - रु ५०००।-
३. तिज विशेष कार्यक्रम राप्ती -५ - रु १००००।-
४. वडा नं. १० - रु १००००।-
५. मिलीजुली युवा क्लब वडा नं. ९ - रु १००००।-

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा राती नगरपालिका वडा नं. ७ मा संचालित र वडा नं. ६ मा सञ्चालन हुने फुटबल प्रतियोगिताको लागि देहाय बमोजिम रकम खेलकुद शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

१. हर्दी युवा समाज रात्ती-६ - रु १११०००। (खुद खर्चमा २५ प्रतिशत नवढाई)
२. बाघदेवी युवा क्लब रात्ती - ७ - रु २००००।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा खुरखुरे ठकुरी भञ्ज्याङ हुदै कान्दा सम्म जाने मोटर बाटो बाँकी ट्र्याक खोल्ने कार्यको लागि भरतपुर चितवन हाल वेलायत निवासी श्री जगनाथ सापकोटाले कान्देश्वरी विद्यालयका छात्रछात्रा तथा अभिभावकले छात्राबास व्यवस्थापन लगायत शिक्षाको विकासको लागि गरेको लगानीबाट प्रभावित भई कान्देश्वरी आधारभुत विद्यालय सम्म पुर्याउनेको लागि रु १००००००।दश लाख नगद रकम उपलब्ध गराउनेछ भन्ने इच्छा व्यक्ति गर्नु भएकोले निजबाट उक्त कार्यको लागि प्राप्त हुने रकम स्वीकार गरी रात्ती-१२ वडा अध्यक्ष र कान्धेश्वरी आधारभुत विद्यालयले आवश्यक संयोजन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा रात्ती नगरपालिका-८ भवानी बजार पुरानो सडक निवासी श्री चक्र बहादुर श्रेष्ठको घर भत्किई बस्नै नहुने अवस्था रहेकोले राहात स्वरुप रु १००००। आर्थिक सहयोग शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ८**

निर्णय नं. ८ माथि छलफल गर्दा रात्ती नगरपालिका वडा नं. ५ को कार्यालय भवन रु ५३५८००५/७९ को लागत अनुमानमा २०७४ असार देखि निर्माण सुरु भएकोमा ल.ई. मा विभिन्न आइटमहरुको रकम छुट भएको भनि निर्माण समितिबाट भेरीयसन आदेश स्वीकृत गरि पाउँ भनि पेश गरेको निवेदन अनुसार यस कार्यालयबाट तयार भएको प्राविधिक प्रतिवेदनमा समेत रु २६४०८१।०६ बराबर रकमको आइटम छुट भएको देखिएको भनि भेरीयसन आदेश स्वीकृतिका लागि पेश भई आएकोले प्राविधिक प्रतिवेदनमा उल्लेख भए अनुसार रु २६४०८१।०६ को भेरीयसन आदेश स्वीकृत गरि उक्त रकम गत आ.व. को समानीकरण अनुदानको मौज्दात रकमबाट भुक्तानी दिने निर्णय गरियो ।